**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 11.11.2025

## सिक्किमका मुख्यमन्त्रीले गुजराताको एकता नगरमा भारत पर्व 2025 मा भाग लिए।

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले गुजरातको एकता नगरमा भारत पर्व 2025 मा भाग लिनुभयो जुन सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्तीको उपलक्ष्यमा एक ऐतिहासिक आयोजन हो। यस वर्ष, एकता र विविधताको भव्य उत्सव पहिलो पटक दिल्लीभन्दा बाहिर राष्ट्रिय एकताको प्रतिष्ठित स्थलमा आयोजित गरिएको हो।

## मुख्यमन्त्रीले ल्हाबब दुचेनको अवसरमा शुभकामना व्यक्त गर्नुभयो।

ल्हाबा दुचेनको शुभ अवसरमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किमका जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएकोछ। श्री तामाङले भन्नुभयो, यो पवित्र दिनले प्रत्येक घरपरिवारमा सुस्वास्थ्य, खुशी र समृद्धि ल्याओस् र हामी सबैलाई उच्च आध्यात्मिक विकास, करूणा र ज्ञानको लागि प्रेरित गरोस्। ल्हाबाब दुचेन भगवान बुद्धको स्वर्गबाट धरतीमा आउने प्रतीक हो, जुन अज्ञानतामाथि करूणा, बुद्धि र ज्ञानको विजयको धोतक हो। यसले हामीलाई सबै जीवित प्राणीहरूको कल्याणको लागि विनम्रता, दया र निस्वार्थ सेवाका गुणहरूलाई अपनाउन भनि सम्झाउँछ।

यस शुभ दिनमा, मुख्यमन्त्रीले यस हरियो, सफा र सुन्दर हिमाली राज्यको प्रत्येक घरको लागि शान्ति, खुशी र समृद्धिको लागि प्रार्थना गर्नुभयो।

## राज्यपालले ल्हाब दुचेनको शुभकामना व्यक्त गरे

ल्हाबाब दुचेनको शुभ अवसरमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले सिक्किमका जनतालाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको आफ्नो सन्देशमा उहाँले भने ल्हाबाब दुचेन भगवान बुद्ध शाक्यमुनिको कैयन महीनाहरू सम्म देवताहरूलाई धर्म सिखाए पछी देवलोकबाट पृथ्वीमा पुनरागमनको उत्सव हो।

श्री माथुरले सिक्किमका नागरिकहरूला4ई शान्ति करूणा र सद्भावको सन्देशलाई आफ्नो जीवनमा आत्मसात गर्न र समुदाय भिज्ञ समझदारी र एकता प्रवर्द्धन गर्न प्रेरित गर्ने आग्रह गर्नुभयो।

## सिक्किम विश्वविद्यालयले शिक्षाको शक्ति र उद्देश्य विषयवस्तुका साथ राष्ट्रिय शिक्षा दिवस मनायो।

सिक्किम विश्वविद्यालयले आज शिक्षाको शक्ति र उद्देश्य विषयवस्तुका साथ राष्ट्रिय शिक्षा दिवस मनाएको छ। आफ्नो मुख्य भाषणमा उपकुलपति प्रो. शान्तनु कुमार स्वैनले भन्नुभयो शिक्षा एक जीवनभरको प्रक्रिया हो र सले व्यक्तिहरूलाई आलोचनात्मक सोच र समस्या समाधान गर्ने क्षमताहरू

विकास गर्न मद्दत गर्छ, जसले गर्दा राम्रो निर्णय लिने र अझ बढी संतुष्टिदायक जीवन जीउनुमा मदद प्राप्त हुन्छ।

यो दिन प्रत्येक वर्ष नोभेम्बर 11 मा मौलाना अबुल कलाम आजादको जन्मजयन्तीको सम्झनामा मनाइन्छ जो एक प्रसिद्ध शिक्षाविद् र भारका प्रथम शिक्षामन्त्री थिए।

## अल इण्डिया गभर्नर कप इंटरनेशनल फुटबल टूर्नामेन्ट 2025 को 41 औं संस्करणको लागि सोह्र टोली प्रतिस्पर्धामा

पाल्जोर स्टेडियममा 16 देखि 29 नोभेम्बरसम्म खेलिने आल इण्डिया गभर्नर गोल्ड कप इंटरनेशनल फुटबल टूर्नामेंट 2025 को 41 औं संस्करणमा स्रोह टोलीहरू प्रतिस्पर्धामा छन्। उत्कुकतापूर्वक प्रतिक्षा गरिएको र लोकप्रिय फुटबल प्रतियोगिता सिक्किम फुटबल संघ ( एसएफए) को यो वार्षिक क्यालेन्डर कार्यक्रम हो। रोचक कुरा के छ भने कोलकाताको दिग्गज टोली ईस्ट बंगाल फुटबल क्लब 28 वर्षको अन्तराल पछि यस पटक प्रतियोगितामा फर्किरहेको छ र सिक्किमका पाँच स्थानीय क्लबहरूलाई यस संस्करणमा पहिलो पटक प्रवेश दिइएको छ।

गान्तोकमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एसएफए अध्यक्ष मेनला एथेन्पाले प्रतियोगिताको लागि देश र बाहिरका 16 टोलीहरूलाई लाइन अप भएको बताए। उनले उल्लेख गरे कि यस पटक प्रतियोगितामा बलियो आईएसएल र आई- लीग टोलीहरू, सन्तोष ट्रफी विजेता र नेपाल लीग च्याम्पियनका साथै पाँच स्थानीय टोलीहरू सहभागी भएका छन्। एथेन्पाले, दोहोरो खेलहरू 16 र 17 नोभेम्बरमा खेलाइने र 24 देखि 27 नोभेम्बर सम्मका चार खेलहरू फ्लइलाइटहरू मुनि खेलाइने पनि बताए।

## नोर्बु शेर्पाले भारत क्षेत्र, जोन III को राष्ट्रमंडल संसदियी संघको 22 औं वार्षिक सम्मेलनको पूर्ण सत्रको दोस्रो दिनमा भाग लिए।

नोर्बु शेर्पा, सभामुख, सिक्किम विधान सभाले आज नागाल्याण्ड विधान सभाको सभा हलमा राष्ट्मंडल संसदीय संघ, भारत क्षेत्र जोन III को 22 औं वार्षिक सम्मेलनको पूर्ण सत्रको दोस्रो दिनमा भाग लिए।

सम्मेलनको दोस्रो दिन जलवायु परिवर्तन-केही उत्तर पूर्वी क्षेत्रमा हालैका बादल फाट्ने र पहिरोको प्रकाशमा विषयबारे पनि छलफल गरियो।